प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०१/२२

### १) बागमती प्रदेशका मुख्यमुख्य क्रियाकलापहरुः-

- आज प्रदेश मातहतमा रहेका सातवटा अस्पतालका अस्पताल बिकास समितिका अध्यक्षहरुसँग कोभिड-१९ को रोकथाम, नियन्त्रण लागि अस्पतालहरुले गरिरहेको प्रयास, काम र तयारी साथसाथै आगामी दिनहरुमा चाल्नुपर्ने महत्वपूर्ण कदमहरुको बारेमा सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको उपस्थितिमा छलफल भयो ।

### २) महामारीको हालको अवस्थाः-

- नेपालमा पहिलो कोरोना भाईरसको संक्रमण (कोभिड-१९) भएको पुष्टि माघ ९, २०७६ मा भएको हो । माघ ९ देखि चैत्र २० सम्ममा जम्मा ६ वटा संक्रमित केसहरु देखियो । यो अवधिसम्म संक्रमण फैलिएको देशबाट नेपाल भित्रिएकाहरुमा मात्र कोभिड-१९ संक्रमण देखिएको थियो भने चैत्र २२, २०७६ मा कोभिड-१९ संक्रमण भएको व्यक्तिको परिवारको सदस्यलाई पनि संक्रमण देखियो ।
- हाल सम्ममा जम्मा ७५ वटा संक्रमित केस देखिएकोमा बागमती प्रदेशमा जम्मा ७ वटा केस देखिएको छ ।
- हाल नेपालमा संक्रमण फैलिएको देशबाट भित्रिएका र स्थानीय तहमा देखिएका केसहरु गरी दुवै भएको अवस्था (Sporadic cases) छ ।

### ३) कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियनन्त्रण तथा प्रतिकार्य सम्बन्धि दैनिक प्रतिवेदनः-

- आज मिति २०७७।०१।२२ गते २ वजे सम्ममा बागमती प्रदेश अन्तर्गत COVID-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी भएका गतिविधिहरूको विवरण यसैसाथ संलग्न गरिएको

छ। आज हेटौडामा रहेको VBDRTC को प्रयोगशालामा COVID-१९ को परीक्षणको लागि ३ वटा स्वाब (स्याम्पल) हेटौडाबाट प्राप्त भएको छ, जुन परिक्षण हुने क्रममा छ । हाल सम्म यस प्रयोगशालामा PCR (COVID-१९ ) परीक्षणको लागि ४३५ स्वाब प्राप्त भएको छ ।

- हालसम्म यस प्रदेशमा ८८५३ RDT बाट परीक्षण गरिएकोमा १८ वटामा पोजेटिभ देखिएको छ ।

## ४) क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि. (RDT), पी. सि.आर. (PCR) परिक्षण सम्बन्धि विवरणः-

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | संकलित नमुना (RT-PCR) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा | नेगेटिभ | पोजिटिभ | |
| काठमाण्डौ | 344 | 0 | 0 | 196 | 0 | 2633 | 2626 | 7 | 280 | 276 | 4 | |
| ललितपुर | 112 | 0 | 689 | 124 | 3 | 708 | 708 | 0 | 263 | 263 | 0 | |
| भक्तपुर | 313 | 0 | 0 | 42 | 0 | 407 | 407 | 0 | 353 | 353 | 0 | |
| रसुवा | 283 | 6 | 291 | 35 | 0 | 97 | 97 | 0 | 2 | 2 | 0 | |
| नुवाकोट | 305 | 1 | 1306 | 16 | 0 | 532 | 532 | 0 | 38 | 38 | 0 | |
| धादिङ | 512 | 140 | 0 | 15 | 0 | 677 | 675 | 2 | 9 | 8 | 1 | |
| चितवन | 300 | 0 | 0 | 302 | 0 | 950 | 948 | 2 | 558 | 556 | 2 | |
| सिन्धुली | 245 | 0 | 0 | 32 | 0 | 549 | 549 | 0 | 7 | 7 | 0 | |
| मकवानपुर | 218 | 0 | 12 | 35 | 3 | 617 | 610 | 4 | 101 | 101 | 0 | |
| रामेछाप | 331 | 0 | 0 | 61 | 0 | 200 | 200 | 0 | 2 | 2 | 0 | |
| दोलखा | 160 | 0 | 0 | 37 | 0 | 371 | 371 | 0 | 0 | 0 | 0 | |
| काभ्रे | 342 | 0 | 93 | 13 | 0 | 515 | 512 | 3 | 584 | 584 | 0 | |
| सिन्धुपाल्चोक | 517 | 36 | 102 | 35 | 0 | 597 | 597 | 0 | 27 | 27 | 0 | |
| जम्मा | 3982 | 183 | 2493 | 943 | 6 | 8853 | 8832 | 18 | 2224 | 2217 | 7 | |

## ५) बागमती प्रदेशमा जम्मा संक्रमित संख्या र हालको अवस्था

(२०७७/०१/२२ गते, दिउँसो २ बजेसम्मको विवरण )

- जम्मा संक्रमितको संख्या — ७
- निको भएको — ६
- हाल उपचाररत — १




## ६) बागमती प्रदेशमा संक्रमितहरुको विवरण

| क्र. स. | बागमती प्रदेश भित्रका अस्पतालहरु | कोभिड-१९ संक्रमितमध्ये | | | अन्य विवरण |
|---|---|---|---|---|---|
| | | जम्मा | उपचाररत | निको भएको | |
| १ | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाण्डौ | ३ | ० | ३ | |
| २ | पाटन अस्पताल, ललितपुर | २ | ० | २ | |
| ३ | भरतपुर अस्पताल, चितवन | २ | १ | १ | |
| | जम्मा | ७ | १ | ६ | |

स्रोतः इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

## ७) आम जनसमुदायलाई अनुरोध र सुझावहरुः-

हाल विश्व महामारीको रुपमा रहेको COVID - 19 बाट बच्न आवश्यक सावधानी अपनाएर एक जिम्मेवार नागरिकको कर्तव्य निभाउनु हामी सबैको दायित्व हो त्यसैले निम्न बमोजिमका कुराहरुमा ध्यान दिऔं र संक्रमणबाट आफु पनि बचौ, अरुलाई पनि बचाऔः

| |
|---|
| बन्दाबन्दी (Lockdown) को पालना गरौ। |
| थुकका कणबाट बच्न र बचाउनको लागि सामाजिक दुरी कायम गरौ (व्यक्ति व्यक्ति बिचको दुरी कम्तिमा १ मिटर (३ फिट) कायम गरौ) । |
| खोक्दा वा हाछियु गर्दा मास्क/Tissue paper/कुहिनोले नाक, मुख छोप्ने गरौ । |
| फ्लुजस्ता लक्षण (ज्वरो आउने, रुघाखोकी लाग्ने, टाउको दुख्ने, श्वास्प्रस्वासमा समस्या आउने) देखाउने व्यक्तिको सम्पर्क बाट टाढा बसौ । |
| प्रदुषित वस्तु वा सतहमा बारम्बार छोइने भएकोले नियमित रुपमा साबुन पानीले हात धुने गरौ । |
| सकेसम्म घरबाहिर वा भीडभाडमा नजाऔ । |
| हातले आँखा, नाक, मुख सकभर नछुने र छुनुपरेमा पहिला राम्रोसंग साबुन पानीले हात धुने गरौ । |
| यो रोग थुकका कण (droplets) को माध्यमले सर्ने भएकोले जथाभावी नथुकौ । |
| ढोका, चुकुल खोल्दा सकेसम्म कुहिनो वा धेरै नचलाईने हात (दाहिने चलाउनेले देब्रे र देब्रे चलाउनेले दाहिने)को प्रयोग गर्ने । |
| सार्वजनिक स्थलका वस्तुहरु जस्तै भर्याङको रेलिङ, बार आदि सकेसम्म नछुने/नसमाउने गरौ । |
| घरमा सधै छोइरहने ठाउँ वा चीज जस्तै ढोकाको चुकुल, ह्यान्डल, बत्तीको स्वीच, टेबल, कुर्सी, धारा, बेसिन आदि सधै डिटर्जेन्ट/साबुन प्रयोग गरेरसफा गर्नुपर्छ र सफा गरिसकेपछि राम्रोसंग साबुन पानीले हात धुने गरौ। |
| इलेक्ट्रोनिक सामान (मोबाइल, ल्यापटप, ट्याब्लेट, मोनिटर, रिमोट, किबोर्ड आदि) अल्कोहोलभएको स्प्रेको प्रयोग गरेर नियमित रुपमा सफा गर्ने । |
| मदिरापान, धुम्रपान गर्नाले शरीरको रोगसंग लड्न सक्ने क्षमतालाई असर गर्ने भएकोले मदिरापान, धुम्रपान नगरौ । |

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाब र सहयोगको अपेक्षा गर्दछौ ।**

**धन्यवाद !**

प्रवक्ता (COVID-१९)

डा. पुरुषोतम राज सेढाई